सप्तकोशी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः- ८ संख्याः ३ मितिः २०८३ साल

भाग- १

सप्तकोशी नगरपालिका

# सप्तकोशी नगरपालिकाको विनियोजन ऐन, २०८३

आज्ञाले,

नामः पुरुषोत्तम ढकाल

प्रमुख प्रशासकीय अधिकृत

# सप्तकोशी नगरपालिकाको विनियोजन ऐन, २०८३

सप्तकोशी नगरपालिका, सप्तरीको आर्थिक वर्ष २०८३।०८४ को सेवा र कार्यहरूको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

<u>प्रस्तावनाः</u> सप्तकोशी नगरपालिका, सप्तरीको आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम कार्यान्वयन गरी सेवा र कार्यहरूको लागि विनियोजित रकम नगरपालिकाको सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम सप्तकोशी नगरपालिका, सप्तरीको सत्रौं नगर सभाको बैठकबाट सप्तकोशी नगरपालिकाको विनियोजन ऐन, २०८३ पारित गरिएको छ

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>

(१) यस ऐनको नाम **सप्तकोशी नगरपालिकाको विनियोजन ऐन, २०८३** रहेको छ

(२) यो ऐन **२०८३ साल श्रावण १** गते देखि प्रारम्भ हुनेछ

२. <u>परिभाषाः</u> विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"आर्थिक वर्ष"** भन्नाले २०८३ साल श्रावण १ गते देखि २०८४ आषाढ मसान्त सम्मको अवधिलाई सम्झनु पर्छ

(ख) **"नगरपालिका"** भन्नाले सप्तकोशी नगरपालिकालाई सम्झनु पर्छ

(ग) **"विनियोजन"** भन्नाले नगर सभाद्वारा विभिन्न सेवा र कार्यहरूका लागि विभिन्न शीर्षकमा खर्च गर्न छुट्टाइएको रकम सम्झनु पर्छ

(घ) **"संविधान"** भन्नाले भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ

(ङ) **"सञ्चित कोष"** भन्नाले सप्तकोशी नगरपालिकाको सञ्चित कोष सम्झनु पर्छ

(च) **"सभा"** भन्नाले सप्तकोशी नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ

(छ) **"कार्यपालिका"** भन्नाले सप्तकोशी नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ

३. <u>आर्थिक वर्ष २०८३।०८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार र सीमाः</u>

(१) आर्थिक वर्ष २०८३।०८४ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त अनुसूची-१ मा उल्लिखित श्रोतहरूबाट प्राप्त चालु खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.४६,१०,६२,६८२।- (छयालीस करोड दश लाख बैसठ्ठी हजार छ सय बयासी रुपैयाँ मात्र) निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ जसमध्ये रु.२००००००।-( दुई करोड रुपैयाँ मात्र) आर्थिक वर्ष २०८२।०८३ को अनुमानित बचत रकम समावेश रहेको छ आर्थिक वर्ष २०८३।०८४ मा सङ्घीय

सरकार तथा प्रदेश सरकारबाट कुनै कार्यक्रम तथा योजना, विशेष बजेट प्राप्त भएमा यो ऐन बमोजिम खर्च गर्न सकिने छ

४. **<u>विनियोजित शीर्षक संशोधन र रकमान्तर सम्बन्धी व्यवस्था:</u>**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३।०८४ को निमित्त सप्तकोशी नगरपालिका, सप्तरीको नगर कार्यपालिकाको कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ।

(२) यस ऐनद्वारा चालु, पुँजीगत तथा वित्तीय व्यवस्था अन्तर्गत विनियोजित शीर्षकमा रकम खर्च गर्नु पर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर कार्यपालिकाको कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ

(५) समपुरक तर्फ विनियोजित रकम सङ्घ र प्रदेश सरकारबाट प्रस्ताव गरिए अनुरूप समपुरक अनुदान प्राप्त हुन नआएमा नगर सभाले स्वीकृत गरेका कार्यक्रममा रकम विनियोजन गरी खर्च गर्न सकिनेछ

(६) उपदफा (२) बमोजिम विभिन्न शीर्षकमा विनियोजित रकम खर्च गर्दा प्रचलित कानुनले तोकेको प्रक्रिया पुरा गरी विभिन्न संघ/संस्था, उपभोक्ता समिति वा ठेक्का प्रक्रियाबाट कार्यान्वयन गरिनेछ।

५. **<u>कार्यविधि बनाई लागू गर्न सकिने:</u>** यस ऐनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यकता अनुसार नगर कार्यपालिकाबाट कार्यविधि वा निर्देशिका स्वीकृत गरी कार्यान्वयन गर्न सकिने छ ।

६. **खारेजी र बचाऊः**

(१) यो ऐन नगर सभाबाट स्वीकृत भई लागु भएपछि सप्तकोशी नगरपालिकाको विनियोजन ऐन, २०८२ खारेज हुनेछ।

(२) सप्तकोशी नगरपालिकाको विनियोजन ऐन, २०८२ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ

## अनुसुची -१

सप्तकोशी नगरपालिकाको लागि आर्थिक वर्ष २०८३।०८४ को निमित्त नगर कार्यपालिकाको कार्यालय, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त खर्च गरिने तपसिलका श्रोतहरूबाट प्राप्त भएको चालु खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थापन समेतको श्रोतगत बजेट रकम

**सप्तकोशी नगरपालिकाको आ.व.२०८३।०८४ को अनुमानित आय बजेट**

| सि.नं. | आय शिर्षक | आ.व.२०८३।०८४ को अनुमानित बजेट रु. |
|---|---|---|
| १ | संघीय वित्तीय समानीकरण अनुदान | ८९३००००० |
| २ | संघीय राजश्व बाँडफाड | ८४४८६००० |
| ३ | संघीय वन रोयल्टी | ९०००० |
| ४ | प्रदेश वित्तीय समानीकरण अनुदान | ६०६०००० |
| ५ | प्रदेश राजश्व बाँडफाँड | ६९६८००० |
| ६ | घर जग्गा रजिष्ट्रेशन दस्तुर र आन्तरिक आय | ७६८५८६८२ |
| ७ | आ.व.२०८२।०८३ को अनुमानित बचत रकम | २०००००००० |
| | **सि.नं.१ देखि सि.नं.७ सम्मको जम्मा** | **२८३७६२६८२** |
| ८ | संघीय शसर्त अनुदान | १२६६००००० |
| ९ | संघीय विशेष अनुदान | ३२४००००० |
| १० | संघीय समपुरक अनुदान | १२३००००० |
| ११ | प्रदेश विशेष अनुदान | ३०००००० |
| १२ | प्रदेश समपुरक अनुदान | ३०००००० |
| | **सि.नं. ८ देखि १२ सम्मको जम्मा** | **१७७३००००००** |
| | **कुल अनुमानित बजेट** | **४६१०६२६८२** |

## ससकोशी नगरपालिकाको आ.व.२०८३।०८४ को अनुमानित व्यय बजेट

| सि.नं. | व्ययको शीर्षकहरू | बजेट रु. |
|---|---|---|
| १ | प्रशासनिक खर्च | १३००६८९६२ |
| २ | आ.व.२०८२।०८३ को सिर्जित दायित्व तर्फको विभिन्न कार्यक्रम/योजनाहरूको भुक्तानी अनुमान | ३५000000 |
| ३ | नगरपालिकाबाट आ.व.२०८३।०८४ मा संघीय समपुरक/प्रदेश समपुरक तर्फका कार्यक्रम/योजनाहरूको लागि लागत साझेदारी तथा अन्य कार्यक्रम/योजनाहरूको लागि लागत साझेदारी व्यहोर्ने अनुमान/सुरक्षित आवास निर्माण MCDC साझेदारी र सहिद स्मृति/आशा स्मृति निर्माण रु.५०००००।-समेत | ३0000000 |
| ४ | वडास्तरीय योजना/ कार्यक्रमको लागि वडा बजेट शिलिङ्ग | ३८८00000 |
| ५ | विषयगत शाखा तर्फको विभिन्न योजना/कार्यक्रमहरू | १५९00000 |
| ६ | ससकोशी शहरी खानेपानी आयोजना साझेदारी | ३000000 |
| ८ | मर्मत सम्भार कार्य | १000000 |
| ९ | जनतासँग मेयर कार्यक्रम | ५५00000 |
| १० | जनतासँग उपमेयर कार्यक्रम | २५00000 |
| ११ | नगर खेलकुद विकास समिति | ३000000 |
| १२ | लक्षित वर्ग विकास कार्यक्रम/योजना | ५00000 |
| १३ | दलित वर्ग सशक्तिकरण कार्यक्रम | २५0000 |
| १४ | धर्म, सस्कृति संरक्षण तथा सम्वर्द्धन कार्यक्रम | २00000 |
| १५ | विपद व्यवस्थापन सम्वन्धी कार्य (मनसुन/वाढी, आगलागि, जंगलीजनावरबाट हुने क्षति लगायत) | ३000000 |
| १६ | ट्याङ्ग्रा खोला निकासा जग्गाको मुआव्जा वितरण | ७५00000 |
| १७ | फोहोर मैला व्यवस्थापन-FSTP/WASH साझेदारी | १000000 |
| १८ | वैकल्पिक ऊर्जासँग साझेदारी-सुधारिएको चुलो समेत | १५00000 |
| १९ | विभिन्न योजनाहरूको IEE/DPR निर्माण | २५00000 |
| २० | पशु बीमा प्रवर्द्धन कार्यक्रम | १२00000 |
| २१ | अपाङ्गगता सशक्तिकरण कार्यक्रम | ५00000 |
| २२ | बाली बीमा कार्यक्रम | ५00000 |
| २३ | योग साधना केन्द्र निर्माण | ३४३७२० |
| | **जम्मा** | **२८३७६२६८२** |
| २४ | संघीय शसर्त अनुदान | १२६६00000 |
| २५ | संघीय विषेश अनुदान | ३२४00000 |
| २६ | संघीय समपुरक अनुदान | १२३00000 |
| २७ | प्रदेश विषेश अनुदान | ३000000 |
| २८ | प्रदेश समपुरक अनुदान | ३000000 |
| | **जम्मा** | **१७७३00000** |
| | **कुल अनुमानित व्यय बजेट** | **४६१०६२६८२** |